जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक १६२ | २०७९ साल माघ १२ गते बिहीबार (26 Jan. 2023 Thursday) | मूल्य रु. ५/-




**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : दुई वर्षमा तीन हजार.. ३ पृष्ठमा : टि-२० क्रिकेट लिग : स्पट फिक्सिङमा ... ३ पृष्ठमा : श्वासप्रश्वासका बिरामी ...

# समयमा निर्वाचन खर्च नबुझाए वापतको जरिवाना मिनाहको माग गर्दै ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज ११ माघ ।**

सप्तरीका १८ वटै पालिकाका प्रमुख तथा विभिन्न राजनीतिक दलहरुले समयमै निर्वाचन खर्च नबुझाए वापतको जरिवाना मिनाहको माग गर्दै बुधवार निर्वाचन आयोगलाई ज्ञापन पत्र बुझाइएका छन् ।

जिल्ला समन्वय समिती सप्तरीका प्रमुख शिव नारायण साहको नेतृत्वमा गएको प्रतिनीधी मण्डलले प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा मार्फत निर्वाचन आयोगलाई ज्ञापन पत्र बुझाएको हो ।

निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको ३० दिन भित्र खर्च विवरण बुझाउनु पर्ने आयोगको नियम रहेको र सो नबुझाए ६ वर्ष सम्म उम्मेदवार हुन नपाउने, उम्मेदवार भएपनि उम्मेदवारी रद हुन सक्ने लगायतको प्रावधान रहेको छ ।

निर्वाचन आयोग ऐन २०६३ को दफा २५ मा गरिएको यस्तो व्यवस्थाले समय मै खर्च विवरण नबुझाउँदा हुने जरिवानाले राजनितीक दलकै चरित्रमाथी आँच आउने भन्दै उक्त जरिवाना मिनाह गर्न माग गरिएको छ ।

९ नगरपालिका तथा ९ गाउपालिकाका प्रमुखहरु सहित विभिन्न राजनीतिक दलका प्रतिनीधीहरुद्वारा हस्ताक्षर गरिएको उक्त ज्ञापन पत्रमा जरिवाना रकम मिनाह नगरे कडा आन्दोलनमा उत्रिने चेतावनी समेत दिइएको छ ।

ज्ञापन पत्र बुझाउन जिल्लाका १८ वटै पालिकाका प्रमुखका साथै नेपाली काँग्रेसका राम कुमार यादव, माओवादी केन्द्रका विनोद यादव, एमालेका देवनाथ यादव, राष्टिय स्वतन्त्र पार्टीका प्रमोद शाह राना,जसपाका शम्भु कुमार यादव, जनमत पार्टीका संजय कुमार यादव लगायतका टोली जिल्ला प्रशासन कार्यालय पुगेका थिए । उक्त टोली ज्ञापनपत्रको बोद्यार्थ लिएर जिल्ला निर्वाचन कार्यालय समेत पुगेका थिए ।

ज्ञापन पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी थापाले तत्कालै आवश्यक कार्याथ निर्वाचन आयोगको कार्यालय काठमाडौमा पठाई दिने प्रतिबद्धता जनाएका थिए ।

# पेट्रोलियम पदार्थको खुलारूपमा बिक्रीवितरण नगर्न प्रहरीको अनुरोध

काठमाडौँ, ११ माघ (रासस) ।

नेपाल प्रहरीले अति प्रज्ज्वलनशील पेट्रोलियम पदार्थलाई खुलारूपमा बिक्रीवितरण नगर्न अनुरोध गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौँले गए राती सूचना जारी गरी पेट्रोलियम पदार्थको खुलारूपमा बिक्री गर्दा, असुरक्षित ओसारपसार गर्दा र घर, पसलमा भण्डारण गर्दा आगलागी हुने र मानवीय क्षति एवं भौतिक क्षतिसमेत हुने भएकाले बिक्री वितरण नगर्न अनुरोध गरेको हो । जिल्ला प्रहरी कार्यालय काठमाडौँका प्रवक्ता प्रहरी उपरीक्षक दिनेशराज मैनालीले पछिल्लो समय काठमाडौँका केही पेट्रोलपम्पबाट खुलारूपमा बोत्तल, जर्किनलगायत भाँडोमा अति प्रज्ज्वलनशील पदार्थ बिक्री वितरण भएको भन्दै त्यसलाई तत्काल रोक्न पेट्रोलपम्प सञ्चालकलाई आग्रह गर्नुभएको छ ।

पेट्रोलपम्पबाट सिधैँ सवारीसाधनमा भर्नेबाहेक खुलारूपमा पेट्रोलियम पदार्थको बिक्री वितरण नगर्न, नगराउन सञ्चालकलाई सूचित गरिएको प्रहरीले जनाएको छ । मङ्गलबार दिउँसो एक युवाले काठमाडौँको नयाँ बानेश्वरस्थित संसद् भवन अगाडि शरीरमा पेट्रोल खन्याएर आत्मदाह गर्ने प्रयास गरेपछि प्रहरीले उक्त सूचना सार्वजनिक गरेको हो । सुरक्षा संवेदनशीलताको सूचनाविपरीत पेट्रोलियम पदार्थको बिक्री वितरण गरिएको पाइएमा प्रचलित कानुनबमोजिम हैदसम्मको कानुनी कारबाही गरिने प्रहरीले जनाएको छ ।

# संसद् भवन अगाडी आत्मदाह गर्न खोजेका आचार्यको निधन

काठमाडौँ, ११ माघ (रासस) ।

मङ्लबार दिउँसो संघीय संसद् भवनअगाडि शरीरमा पेट्रोल छर्केर आत्मदाहको प्रयास गरेका इलामको सूर्योदय नगरपालिकाका ३७ वर्षीय प्रेमप्रसाद आचार्यको निधन भएको छ । उनको कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचारका क्रममा बुधबार बिहान निधन भएको हो ।

अस्पतालका चिकित्सक डा किरण नकर्मीका अनुसार आचार्यको शरीरको ८० प्रतिशत भाग जलेको थियो । जलेर गम्भीर घाइते भएका उनलाई प्रहरीले घटनास्थलबाट तत्कालै उपचारका लागि कीर्तिपुर अस्पताल पुर्‍याएको थियो ।

## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा बिक्रीमा छ । जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

**यही मिति २०७९ माघ १४ गते शनिबारका दिन सिद्धार्थ आई केयर का मेडिकल डाइरेक्टर तथा सगरमाथा आँखा अस्पताल प्रा.लि.का संचालक डा. संजय कुमार सिंहले सेवा यही अस्पतालमा दिने भएकोले मौकाको फाइदा उठाउनु हुन अनुरोध छ ।**



सगरमाथा आँखा अस्पताल प्रा.लि.

राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईंकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

सगरमाथा आँखा अस्पताल प्रा.लि.

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# दुई वर्षमा तीन हजार झोलुङ्गे पुल बनाइने

काठमाडौँ, ११ माघ (रासस)।

सरकारले आगामी दुई वर्षमा मुलुकभर तीन हजार झोलुङ्गे पुल निर्माणको योजना अघि बढाएको छ।

झोलुङ्गे पुलको अभावमा नागरिक शिक्षा, स्वास्थ्यलगायतका आधारभूत आवश्यकताबाट वञ्चित हुन नपरोस् भनी प्रत्येक आधाआधा घण्टाको दूरीमा पुल निर्माणका लागि योजना बनाइएको सहरी विकास मन्त्रालयले जनाएको छ।

सहरी विकासमन्त्री विक्रम पाण्डेले मन्त्रालयको जिम्मेवारी सम्हाल्दा पहिलो कामका रूपमा झोलुङ्गे पुलसम्बन्धी फाइल सदर गर्नुभएको थियो।

चालु पन्ध्रौँ योजनामा प्रत्येक आधाआधा घण्टाको दूरीमा झोलुङ्गे पुल निर्माण गर्ने उल्लेख छ। सोही आधारमा बस्ती भएका र आवश्यकता भएका स्थानमा पुल निर्माणका लागि तयारी अघि बढाइएको सहरी विकास मन्त्रालयअन्तर्गत पूर्वाधार विकास विभागका महानिर्देशक ईश्वरचन्द्र मरहठ्ठाले बताउनुभयो।

बस्ती नभएका र जङ्गल क्षेत्र छाडेर बस्ती लक्षित झोलुङ्गे पुल निर्माण गर्दा देशभरमा झण्डै तीन हजार नयाँ पुल आवश्यक देखिएको विभागले जनाएको छ। झोलुङ्गे पुल नभएर बालबालिका विद्यालय तथा स्वास्थ्य चौकी जान र कृषि उत्पादन बजारमा लगेर बेच्न समेत कठिनाइ भइरहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "लक्ष्यअनुसार झोलुङ्गे पुल बनेपछि पुल नभएरै ज्यान जोखिम हुने अवस्थाको अन्त्य हुनेछ।"

यसको निर्माणमा तीनै तहको सरकारको संलग्नता रहँदै आएको छ। एक सय २० मिटर भन्दा कम लम्बाई स्थानीय तहले बनाउने र त्योभन्दा बढी लम्बाइको पुल आवश्यक भएमा सङ्घीय सरकारले निर्माण गर्ने महानिर्देशक मरहठ्ठाले बताउनुभयो। स्थानीय तहले निर्माण गरेको स्थानमाबजेट सङ्घीय सरकारले दिने गरेको छ।

चालु आवमा झोलुङ्गे पुल निर्माणका लागि रू छ अर्ब विनियोजन भएको छ। लक्ष्यअनुसार पुल निर्माणका लागि कहाँकहाँ र कति सङ्ख्यामा आवश्यक छ भनी जानकारी गराउन सबै स्थानीय तहलाई पत्राचारगरिएको उहाँले बताउनुभयो।

नगर वा गाउँ कार्यपालिकाको निर्णयबाट विभागलाई माग आउने गर्दछ। उहाँले भन्नुभयो, "मागका आधारमा विभागको टिमले अध्ययन गरेपछि निर्माणमा जाने निर्णय हुनेछ।" चालु आवबाट नै सो योजना कार्यान्वयमा लैजाने उहाँको भनाइ छ। चालु आवको बाँकी पाँच महिनामा कुन-कुन स्थानमा पुल आवश्यक छ भनी अध्ययन गरिने र अर्को दुई वर्षमा निर्माण गरिने महानिर्देशक मरहठ्ठाले बताउनुभयो।

लक्षित कार्यक्रम अनुसार हिमाली र पहाडी जिल्लाका साथै तराईको केही ठाउँमा निर्माण योजना बनाइएको छ। विकासका हिसाबले पछि परेका र यातायातको पूर्वाधारमा कमजोर स्थान छनौट हुनेछन्। धादिङ, गोरखा, कालीगण्डकी, त्रिशुलीलगायतका नदीमा आधा-आधा घण्टामा झोलुङ्गे पुल निमार्ण भइसकेका छन्।

एउटा झोलुङ्गे पुल बन्न निकुञ्ज वा अन्य समस्या बाहेकको अवस्थामा एक वर्ष लाग्ने गर्दछ। केही दशकयता पुल निर्माणका लागि नयाँ-नयाँ प्रविधिको प्रयोग बढेसँगै निर्माण सहज र थप व्यवस्थित बन्दै गएको उहाँको भनाइ छ।

स्थानीय तहको माग अनुसार विभागले निरिक्षण गरेर आवश्यकताको आधारमा माग कार्यान्वयन गरिन्छ। "निर्माणस्थानमा नदी वारिपारी कालोपत्र तथा ग्राभेल सडक बनिसकेको भए त्यस्तो स्थानमा झोलुङ्गे पुल आवश्यक पर्दैन्", उहाँले भन्नुभयो।

सडक नै नभएका वा सडक खन्न सुरु गरिएका स्थानमा नागरिक तथा स्थानीय तहसँग छलफल गरी सङ्घ, प्रदेश तथा स्थानीय तहसँगको समन्वयमा निर्माण योजनाको आवश्यकता अनुसार निर्णय गरिन्छ। उहाँले भन्नुभयो, "त्यहाँ पुगेर जनप्रतिनिधिसँग छलफल पछि वस्तुस्थिति हेरेर टुङ्गो लगाइन्छ।"

झोलुङ्गे पुलको आयु ४०/५० वर्ष हुने भएपनि समय-समयमा मर्मत गर्नुपर्ने हुन्छ। अबको दुई वर्षमा ठूलो सङ्ख्यामा झोलुङ्गे पुल निर्माण हुनेभएपछि केही वर्षपछि विस्तारै माग कम हुने उहाँको भनाइ थियो। निर्माण भन्दा मर्मतलक्षित कार्यक्रम तयारी अवस्थामा रहेको विभागले जनाएको छ। हाल प्रदेश र सङ्घीय सरकारबाट मर्मत भइरहेपनि नयाँजस्तै मर्मत कार्यले प्राथमिकता पाउन सकेको छैन।

# १५ पात्रो छाप्न स्वीकृति

काठमाडौँ, ११ माघ (रासस)।

विसं २०८० का लागि नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले १५ पात्रो (पञ्चाङ्ग) लाई स्वीकृति दिने निर्णय गरेको छ। आगामी वर्षका लागि तोयनाथ पन्तको, बाबुराम, नरनाथ, हिमाल, अठोला, तारकेश्वर, सूर्य, आकाश दर्शन, बगलामुखी, शुभ, बाबा गोरखनाथ, कीर्ति, सिद्धि, खप्तड तारानाथ र गौरीशङ्कर गरी १५ पात्रो (पञ्चाङ्ग) लाई स्वीकृति दिने निर्णय गरिएको समितिका सदस्य सचिवसमेत रहनुभएका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले राससलाई जानकारी दिनुभयो।

यस वर्षदेखि समितिले प्रकाशन सुरु गरेको 'राष्ट्रिय पञ्चाङ्गम्' लाई पनि निरन्तरता दिइने भएको छ। समितिबाट स्वीकृति पाएका पात्रो यही माघ १५ गतेपछि बजारमा आउने छन्। विसं २०७६ सम्म पुस अन्तिम साता नै पात्रो (पञ्चाङ्ग) प्रकाशन भइसक्थ्यो। विसं २०७७ देखि भने कोरोना महामारीका कारण पञ्चाङ्गकार जम्मा भएर रुजु गर्ने काममा समस्या आएकाले काममा ढिलाइ भएर प्रकाशन ढिला हुन थालेको हो। विसं २०७७ पुस २० गते मन्त्रिपरिषद्ले समितिको गठन आदेश स्वीकृत गरेको थियो। त्यसअघि मन्त्रालयको पत्रका आधारमा मात्र समिति गठन भएर पात्रोलाई स्वीकृति दिने गरिएको थियो।

गठन आदेश अनुसार समितिले स्वीकृति दिएका पात्रो मात्र प्रयोग गर्न आम मानिसलाई सूचना प्रकाशन गरी आह्वान गरिएको छ। पात्रोमा राखिने तिथि, बार, योग, नक्षत्र र करण गरी पाँच समूहलाई पञ्चाङ्ग भनिन्छ। पछिल्लो समय सामान्य मानिसले पनि बुझून् भनी घडीपलालाई बजेमा रुपान्तरण गरेरसमेत पात्रोमा राखिने गरेको छ। पात्रोलाई अझै सुधार गर्नुपर्ने माग पनि उठ्ने गरेको छ। गत वर्षदेखि नै समितिले भित्तेपात्रोलाई व्यवस्थित गर्ने भनिए पनि ठोस् काम हुनसकेको छैन। गतवर्ष स्वीकृति लिएरमात्र भित्तेपात्रो प्रकाशन गर्न समितिले सूचना प्रकाशन गरिएको थियो। स्वीकृति नलिएका भित्तेपात्रो प्रकाशन भए पनि समितिले कुनै कारबाही भने गरेन।

कारबाही गर्ने निर्देशिका नबनेकाले गत वर्ष स्वीकृति नलिएका भित्तेपात्रोलाई केही गर्न नसकिएको कार्यकारी निर्देशक ढुङ्गेलले बताउनुभयो। समितिको स्वीकृतिमा पात्रो निस्किएपछि त्यही सारेर भित्तेपात्रो प्रकाशन हुने गरेकाले त्यसलाई व्यवस्थित गर्न लागिएको हो। यसवर्ष भित्तेपात्रोलाई व्यवस्थित गर्न स्वीकृति लिन आउनु भनी समितिले सूचना प्रकाशन गरेको थियो। तर भित्तेपात्रो प्रकाशन गर्नेहरूले समितिसँग समन्वय गरेका छैनन्।

यसवर्ष भने संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयले निर्देशिका तयार पारेको छ। जस अनुसार मन्त्रालयका संस्कृति महाशाखा प्रमुख सहसचिवको संयोजकत्वमा गृह मन्त्रालयका प्रतिनिधिसहित सरोकार भएका निकायकासमेत प्रतिनिधिको सहभागितामा अनुगमन गरिने भएको छ। अनुगमन समितिले आवश्यकता अनुसार उपसमितिसमेत गठन गर्न सकिने जनाएको छ। निर्देशिका बनिसकेकाले यसपटक भने अनुगमनपछि स्वीकृति नलिइ प्रकाशन हुने पात्रो र भित्तेपात्रोका प्रकाशक र सम्पादकलाई कारवाही गरिने भएको छ।

समितिले स्वीकृति दिएका पात्रो सारेर भित्तेपात्रो प्रकाशन गर्ने तर स्वीकृति नलिनेलाई कारबाही गर्ने तयारी गरिएको छ। सूचना तथा प्रसारण विभागले मात्र समितिको स्वीकृतिमा भित्तेपात्रो प्रकाशन गर्ने गरेको अध्यक्ष श्रीकृष्ण अधिकारीले जानकारी दिनुभयो। अन्य भित्तेपात्रो भने विभागको भित्तेपात्रो र समितिले स्वीकृति दिएका पात्रो (पञ्चाङ्ग) सारेर प्रकाशन हुने गरेकाले प्रतिलिपि अधिकारसम्बन्धी कानुन अनुसार पनि कारबाही प्रक्रिया अघि बढाउने विषयमा पनि छलफल सुरु भएको समितिले जनाएको छ।

गत वर्ष जस्तो यसवर्ष भने स्वीकृति नलिएका पात्रो र भित्तेपात्रोलाई कानुनी कारबाही हुनबाट कसैले बचाउन नसक्ने भएकाले सचेत हुन समितिले सोमबार विज्ञप्तिमार्फत पनि आग्रह गरेको छ।

# सञ्चारमाध्यमको दर्ता, नवीकरण र सूचीकरणमा एकीकृत प्रणाली अपाइने

काठमाडौँ, ११ पुस (रासस)।

सञ्चारमाध्यमको दर्ता, नवीकरण तथा सूचिकरणमा एकीकृत प्रणाली अपनाइने विषयमा छलफल भएको छ। प्रेस काउन्सिल नेपालले बुधबार यहाँ आयोजना गरेको नियामक निकाय तथा सरोकारवालासँगको बैठकमा काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले सूचना प्रविधिको उपयोग गरी एकीकृत प्रणाली सुरु गर्न नियामक निकाय एकजुट हुनुपर्ने बताउनुभयो।

"दर्ता र सूचीकरणका लागि विभिन्न नियामक निकायलाई पटक-पटक शुल्क र एउटै कागजपत्र बुझाउनुपर्ने गुनासो आइरहेको छ", उहाँले भन्नुभयो, "अब सञ्चारमाध्यमको उक्त समस्या समाधान गर्ने गरी काम गर्नुपर्छ।"

सूचना तथा प्रसारण विभागका महानिर्देशक शङ्कर नेपालले सञ्चारमाध्यमको सहजताका लागि एकीकृत प्रणाली लागू गर्न विभाग तयार रहेको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "सबैको सहकार्य र समन्वयमा एकीकृत प्रणाली लागू गर्न आवश्यक छ। उचित योजनाका लागि स्रोतको समस्या छैन।"

बैठकमा विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाइले सूचना तथा प्रसारण विभागमा दर्ता भएको सञ्चारमाध्यमको विवरण सबै नियामक निकायमा पुग्नुपर्ने बताउनुभयो। उहाँले विज्ञापन बजारमा सञ्चार योजना बनाउनका लागि सबै

*बाँकी तीन पृष्ठमा*


## डा. ललन प्रसाद रौनियार
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## डा. सरोज कुमार साह
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## डा. जयन्ती यादव
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# टि-२० क्रिकेट लिग : स्पट फिक्सिङमा खेलाडीसहित १० जना संलग्न

काठमाडौँ, ११ माघ (रासस)। गत पुसमा राजधानीमा भएको टि-२० क्रिकेट लिगको स्पट फिक्सिङमा खेलाडीसहित १० जना संलग्न रहेको खुलेको छ। उक्त फिक्सिङमा व्यवस्थापकीय भूमिकामा रहेका, खेलाडीको सम्पर्कमा आएका र खेलमा सहभागी खेलाडी संलग्न रहेको पाइएको छ।

एक खेलाडीसहित नेपाली चार र विदेशी ६ जना संलग्न रहेका प्रहरीको केन्द्रिय अनुसन्धान ब्यूरो (सिआइबी) का प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्यले जानकारी दिनुभयो। विदेशीमा व्यवस्थापकीय भूमिकामा रहेका चार, एक खेलाडी तथा अन्य एक व्यक्ति छन्।

सिआइबीका अनुसार ती मध्ये दुई जनालाई सोमबार पक्राउ गरी अनुसन्धान थालिएको छ। अन्यको खोजी जारी छ। पक्राउ परेकामा सप्तरीको राजविराजका पूर्व क्रिकेट खेलाडी महबुब आलम र बाराको सिम्रौनगढका क्रिकेट खेलाडी मोहमद आदिल अन्सारी छन्। आदिललाई सप्तरीबाट र महबुबलाई विराटनगरबाट पक्राउ गरी काठमाडौँ ल्याइएको छ। गत पुस ९ देखि २७ गतेसम्म कीर्तिपुरस्थित क्रिकेट मैदानमा उक्त प्रतियोगिता भएको थियो। नेपाल क्रिकेट सङ्घ (क्यान) को आयोजना तथा भारतको सेभेन थ्री स्पोर्ट्स प्रालिको रणनीतिक तथा व्यवसायीक साझेदारीमा उक्त प्रतियोगिता आयोजना गरिएको हो।

मुख्यतः लिगको प्रतिस्पर्धामा आउने परिणामलाई प्रतिकूल हुने गरी बाजी जिताउने वा हराउने उद्देश्यले खेलको मिलेमतो गरेको पाइएकाले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ अन्तर्गतको कसुरमा सिआइबीले अनुसन्धान गरिरहेको छ। पक्राउ परेका दुवैलाई पाँच दिनको म्याद थप गरी आवश्यक कारवाही प्रक्रिया अघि बढाइएको आचार्यले जानकारी दिनुभयो।

सिआइबीले मंगलबार काठमाडौँमा आयोजना गरेको पत्रकार सम्मेलनमा पूर्व राष्ट्रिय खेलाडी महबुबले दुई नेपाली खेलाडीलाई प्रलोभन देखाई स्पट फिक्सिङको प्रयास गरेको जानकारी दिइयो। आदिललाई एउटा 'नो बल' र एउटा 'वाइड बल' खेल्न भनिएको र उनले दुई खेलमा सोही प्रकृतिको खेल खेलेको पुष्टि भएको सिआइबीका प्रवक्ता प्रहरी उपरीक्षक सञ्जयसिंह थापाले जानकारी दिनुभयो। अर्का नेपाली खेलाडीलाई त्यसैगरी स्पट फिक्सिङ गर्न लगाएको उहाँले बताउनुभयो। उनीहरू पक्राउ नपरेकाले बाँकी आठ जनाको नाम खुलाइएको छैन। एक विदेशी खेलाडीलाई खेलको व्यवस्थापन समूहबाटै लोभ देखाएर फिक्सिङको प्रस्ताव गरेको भेटिएको पत्रकार सम्मेलनमा जानकारी दिइयो।

"एउटा टोलीका व्यवस्थापकको निर्देशनमा विदेशी खेलाडीले एक इनिङ (पारी) मा निर्धारित रन मात्रै बनाइ स्पट फिक्सिङ गरेको पाइएको छ। केही फ्रेन्चाइज टोलीको आर्थिक र खेलाडीको पारिश्रमिकको श्रोत पनि खुलेको छैन", उहाँले भन्नुभयो। उक्त घटनाको अनुसन्धानको लागि सिआइबीका प्रहरी नायब उपरीक्षकको नेतृत्वमा पाँच सदस्यीय छानविन समिति गठन गरिएको थियो।

समितिको अनुसन्धानपछि मंगलबार विवरण सार्वजनिक गरिएको हो। राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ अन्तर्गत यसरी मिलेमतो गरेको पाइएमा तीन वर्ष कैद र रु ५० हजार जरिवाना गरी सो कसुर गर्दा कुनै रकम लेनदेन गरेको भए उक्त रकम पनि जफत हुने व्यवस्था छ।

# 'सरकारी अनुदान सम्बन्धी जनताले मात्र पाउनुपर्छ '

काठमाडौँ, ११ माघ (रासस)। ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री दीपकबहादुर सिंहले सरकारले दिने अनुदानमा टाठाबाठाको मात्र पहुँच हुने गरेको गुनासो रहेको उल्लेख गर्दै त्यस्तो अनुदान सम्बन्धित जनताले मात्र पाउनुपर्ने बताउनुभएको छ।

विद्युतीय चुलो राष्ट्रिय अभियानको चौँथो वार्षिकोत्सवका अवसरमा बुधबार यहाँ आयोजित कार्यक्रममा उहाँले विद्युतीय चुलोमा कर छुटका लागि आफ्नो मन्त्रालय र आफ्नो पार्टी सकारात्मक रहेको बताउनुभयो। अभियानलाई प्रोत्साहन गर्न सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै उहाँले भन्नुभयो, "विद्युतीय चुलोको प्रयोगले एकातिर पेट्रोलियम पदार्थको आयातमा कमी भई मुलुकको व्यापार घाटा कम हुन्छ, भने अर्कोतिर जनताको स्वास्थ्यमा समेत सुधार हुन्छ।"

उहाँले विद्युतीय चुलोमा काम गर्ने व्यवसायीलाई गुणस्तरमा कुनै सम्झौता नगर्न आग्रह गर्नुभयो। कार्यक्रममा विद्युत् नियमन आयोगका सचिव गोकर्णराज पन्थले विद्युतीय चुलोको प्रयोग बढाउन र यसलाई दिगो बनाउन गुणस्तरीय विद्युत् र गुणस्तरीय चुलो आवश्यक पर्ने बताउनुभयो। विद्युतीय चुलो प्रोत्साहनको विकल्प नभएको उल्लेख गर्दै उहाँले मुलुकभर विद्युतीय प्रणाली सुधार गर्दै जानुपर्नेसमेत बताउनुभयो।

मन्त्रालयका सहसचिव मधु भेटवालले विद्युत् उत्पादनमा निजी क्षेत्रको समेत संलग्नताले विद्युत् उत्पादन बढेको र त्यसको स्वदेशमा खपतका लागि पनि विद्युतीय चुलोको प्रयोग बढाउनुपर्ने आवश्कता औंल्याउनुभयो। यसले पेट्रोलियम पदार्थको आयात समेत कम गर्न योगदान पुग्ने उहाँको धारणा थियो।वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक मधुसुदन अधिकारीले चुलो सुधार अभियानमा निजी क्षेत्र र समुदायको भूमिका महत्वपूर्ण रहेको बताउँदै यसको दिगोपनाका लागि गुणस्तरीय चुलो र विद्युत् आवश्यक पर्ने उल्लेख गर्नुभयो।

कार्यक्रममा नेपाल विद्युत् प्राधिकरणका निर्देशक अच्युत घिमिरे, सामुदायिक उपभोक्ता राष्ट्रिय महासङ्घका अध्यक्ष नारायण ज्ञवाली, केन्द्रका सहायक निर्देशक डा रणबहादुर थापा, अजम्मरी विकास फाउण्डेसनका प्रबन्ध निर्देशक सुवर्णप्रसाद कपाली, फाउण्डेसनका निर्देशक ज्ञानेन्द्रराज शर्मा, प्राक्टिकल एक्सनका पूजा शर्मालगायतले नेपालमा विद्युतीय चुलोको प्रयोगको अवस्था, सम्भावना र चुनौतीका बारेमा आफ्ना धारणा व्यक्त गर्नुभएको थियो।

# नापी र मालपोत प्रमुख मन्त्रालयका सचिवसँग भर्चुअल अन्तर्क्रियामा

काठमाडौँ, ११ माघ (रासस)। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले मालपोत र नापी कार्यालयको सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रत्येक महिना सचिवसँग कार्यालय प्रमुख कार्यक्रम सञ्चालनमा ल्याएको छ।

भर्चुअल माध्यमबाट सञ्चालन हुने सो कार्यक्रममा देशभरिका सबै मालपोत र नापी कार्यालय प्रमुखले मन्त्रालयका सचिव र विभागीय प्रमुखसँग अन्तर्क्रिया गर्ने छन्। कार्यालयका समस्या र सेवा प्रवाहमा अपनाएका अभ्यासबारे विचार विनिमय गर्ने उक्त कार्यक्रमको लक्ष्य रहेको सचिव डा दामोदर रेग्मीले बताउनुभयो। कार्यक्रमले जिल्लाका कर्मचारीले सचिव र विभागीय प्रमुखसँग अन्तर्क्रिया गर्दै सेवा प्रवाहमा समन्वय र समस्या समाधान गर्न सहयोग पुगेको उहाँले बताउनुभयो।

नापी र मालपोत प्रमुखलाई एकै ठाउँमा राखेर छलफल गरिँदा ती निकायबाट सम्पादन हुने कार्यमा एकरुपता ल्याउने अपेक्षा गरिएको छ। जनतासँग प्रत्यक्ष सरोकार रहेका सबै कार्यालयलाई सदाचारितातर्फ उत्प्रेरित हुन यस कार्यक्रमले सहयोग पुगेको मन्त्रालयका प्रशासन महाशाखा प्रमुख निराजन घिमिरेले बताउनुभयो।

नापी विभागका महानिर्देशक जनकराज जोशीले नापी र मालपोत कार्यालयका सेवा प्रवाहका दैनिक काम गुनासोरहित तवरबाट सम्पन्न गर्न कार्यालय प्रमुख दत्तचित्त हुनुपर्ने बताउनुभयो। भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रका कार्यकारी निर्देशक गणेशप्रसाद भट्टले भूमि प्रशासनको कामलाई झन्झटमुक्त बनाउनु सबैको दायित्व भएकाले केन्द्र यसका लागि प्रतिबद्ध रहेको विश्वास दिलाउनुभयो।

यसैबीच नापी र मालपोत कार्यालय एकीकरण तथा लेखापढी व्यवसायी सदाचार भएमा सेवाग्राहीले ती कार्यालयबाट प्रदान गरिने सेवा सहज, सर्वसुलभ र सरल हुने सुझाव दिएका छन्। मालपोत र नापीबाट हुने सेवा प्रवाहमा गुनासो बढिरहेकाले त्यसमा सुधार ल्याई चुस्तदुरुस्त र गुनासोरहित बनाउन आकस्मिक निरीक्षण र कार्यालयको प्रतिवेदन प्रणालीलाइ व्यवस्थित तुल्याउन आवश्यक रहेको उहाँहरूको भनाइ छ।

कार्यालयको सेवा प्रवाहमा सुधार, अभिलेख व्यवस्थापन व्यवस्थित, हेल्पडेस्क सेवाग्राहीमैत्री, मालपोत र नापी कार्यालयको समन्वय भएमा सेवा लिनका लागि अतिरिक्त रकम बुझाउनुपर्ने प्रवृत्ति अन्त्य हुने विश्वास गरिएको छ।

### *सञ्चारमाध्यमको ...*

सञ्चारमाध्यमको वर्गीकरण हुनुपर्नेमा जोड दिनुभयो।

"सञ्चारमाध्यम वर्गीकरण नहुँदा विज्ञापन बजारमा कसरी 'मिडिया प्लानिङ' गर्ने ? कुन सञ्चारमाध्यम कति र कहाँ लोकप्रिय छ ? भन्ने विवरण पाउन गाह्रो छ", उहाँले भन्नुभयो। विज्ञापनमा हुने चुहावट नियन्त्रणका लागि नियामक निकायको ध्यान जानुपर्ने उहाँको भनाइ छ।

न्यूनतम पारिश्रमिक निर्धारण समितिकी अध्यक्ष सङ्गीता खड्काले न्यूनतम पारिश्रमिक निर्धारणका लागि श्रमजीवी पत्रकारसम्बन्धी ऐन-२०५१ संशोधन तथा समीक्षा हुनुपर्नेमा जोड दिनुभयो। सीमित स्रोत र जनशक्तिका कारण अनुगमन प्रभावकारी बनाउन नसकेको उहाँले गुनासो गर्नुभयो। उहाँले ऐन संशोधन गरी तहगत पद विभाजनको लागि सिफारिस गर्ने तयारीमा आफूहरु रहेको जानकारी दिनुभयो।

बैठकमा पत्रकारको योग्यता, सेवाग्राहीको सहजता, आचारसंहिताको कार्यान्वयन, सञ्चारकर्मीको सेवा सुविधा, विज्ञापन चुहावट, न्यूनतम पारिश्रमिक र लोककल्याणकारी विज्ञापनलगायतका विषयमा छलफल भएको थियो।

## विश्व समाचार

### श्वासप्रश्वासका बिरामी बढेपछि प्योङ्याङमा 'लकडाउन'

सोल, ११ माघ (रासस /एएफपी)। देशमा श्वासप्रश्वासका बिरामी बढेपछि प्योङ्याङमा पाँचदिने 'लकडाउन' आदेश जारी गरिएको छ। गत अगष्टमा कोरोनामाथि विजय प्राप्त गरेको उत्तरकोरियाले बुधबारदेखि लागू हुनेगरी राजधानीभर बन्दाबन्दीको आदेश जारी गरेको हो।

प्योङ्याङका बासिन्दालाई बुधबारदेखि आगामी आइतबारसम्म घरभित्रै बस्न तथा हरेक दिन शरीरको तापक्रम जाँच गर्न आदेश दिइएको उत्तर कोरियाली सरकारले जारी गरेको सूचनालाई उद्धृत गर्दै सोलस्थित एनके न्युजले जनाएको छ। राजधानीमा फैलिएको रोगलाई कोडिभ-१९ नभनी त्यसलाई रुघाखोकीका रूपमा चित्रण गरिएको छ। राजधानीमा बन्दाबन्दीको आदेश जारी हुने अनुमान गर्दै नगरबासीले दैनिक आवश्यकताका वस्तु भण्डारण गरेको भोलिपल्ट सरकारी आदेश जारी भएको हो।

राजधानी प्योङ्याङमा मात्र लकडाउन गरिएको हो वा देशका अन्य शहरमा पनि त्यो लागू गरिएको हो भन्नेबारेमा स्पष्ट गरिएको छैन। राज्य नियन्त्रित सञ्चारमाध्यमले पनि यससम्बन्धमा केही उल्लेख गरेका छैनन्। कोरियाली प्रायद्वीपको यो देशमा निरन्तर तापक्रम घटिरहेको छ। हाल यहाँको तापक्रम माइनस २२ डिग्री सेल्सियस रेकर्ड गरिएको छ।

उत्तर कोरियाको छिमेकी तथा प्रमुख व्यापारिक साझेदार चीनले हालै कोभिडविरुद्धको शून्य नीति परित्याग गरेको छ। केही अघि चीनका अस्पताल बिरामीले भरिभराउ भएका थिएभने अन्त्येष्टिस्थलमा ठूलो सङ्ख्यामा शव ल्याइएका थिए। चीनबाट आफ्नो भूमिमा सङ्क्रमण फैलिन नदिन प्रारम्भदेखि नै उत्तर कोरियाले कठोर नीति अवलम्बन गरेको थियो। यद्यपि उसले चीनसँगको व्यापारलाई अनुमति दिएको थियो। उत्तर कोरियाले गत एप्रिलमा कोरोनाको प्रकोपले देशलाई गाँजेको स्वीकार गरेको थियो तर तीन महिनापछि चमत्कार भएको भन्दै महामारीबाट मुक्त भएको घोषणा गरेको थियो।

कोरोनासम्बन्धी उत्तर कोरियाली तथ्याङ्क तथा महामारी नियन्त्रणमा आएको भनाइलाई लिएर विशेषज्ञ तथा विश्व स्वास्थ्य सङ्गठनले लामो समयदेखि प्रश्न गरिरहेका छन्। विज्ञहरूका अनुसार उत्तर कोरियाको स्वास्थ्य सेवा प्रणाली कमजोर छ। अस्पतालहरूमा पर्याप्त उपकरण छैनन् भने अस्पतालहरूमा सघन उपचार कक्ष पनि सिमित छन्। साथै त्यहाँ कोभिड-१९ को उपचार गर्ने औषधिको पनि अभाव छ। दुई करोड ५० लाख जनसङ्ख्या भएको उत्तर कोरियामा कुनै नागरिकले कारोनाविरुद्ध खोप लगाएनलगाएको भन्न कठिन छ। चीनबाट केही मात्रा खोप प्राप्त भएकाले केही नागरिकले खोप लगाएको अनुमान गर्न सकिन्छ।

### अमेरिकामा अर्को गोलीकाण्ड, तीन जना मारिए

सान फ्रान्सिस्को, ११ माघ (रासस/सिन्ह्वा)। अमेरिकामा मङ्गलबार पनि अर्को गोलीकाण्ड भएको छ। यहाँका एकजनाले गोली हानेर तीन जनाको हत्या गरेको समाचारमा जनाइएको छ। एक पसलमा गोली हानेर ती व्यक्तिले तीन जनाको हत्या गरेको समाचारमा जनाइएको छ। अमेरिकाको वासिङटन राज्यको याकिमामा रहेको सो पसलमा एकजना व्यक्तिले गोली प्रहार गरेका थिए।

गोली प्रहार गर्नु अघि सो पसलमा कुनै पनि विवाद नदेखिएको तर अकस्मात गोली हानेर पसलमा रहेका तीन जनाको हत्या गरेको पसलमा उपलब्ध सिसी क्यामेराका फुटेजमा देखिएको प्रहरीले बताएको छ।

पसलमा आएका व्यक्ति यसो यताउता गरेको र पछि आफ्नो साथमा रहेको गोली झिकेर अकस्मात प्रहार गरेको देखिएको प्रहरीले जनाएको छ। गोली प्रहार गरेपछि सो व्यक्ति कार चलाएर गएको प्रहरीको भनाइ छ। केही दिनमात्र अघि अमेरिकाको क्यालिफोर्नियामा भएको यस्तै अर्को एक गोलीकाण्डमा परेर १० जनाको ज्यान गएको थियो।

### निर्वाचन अधिकारीको आलोचना गरेको आरोपमा पक्राउ

इस्लामाबाद, ११ माघ (रासस/एएफपी)। निर्वाचन अधिकारीको आलोचना गरेको आरोपमा पाकिस्तानका पूर्वसूचनामन्त्रीलाई पक्राउ गरिएको छ। उनी पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानका सहयोगी थिए।

खान नेतृत्वको सरकारमा सूचना मन्त्री रहेका फवाद चौधरीलाई पूर्वी शहर लाहोरस्थित उनको घरबाट बुधबार बिहान पक्राउ गरिएको हो। चौधरीले मङ्गलबार गरेको टेलिभिजन टिप्पणीमा निर्वाचन आयोगका अधिकारी तथा तिनका परिवारलाई धम्की दिएको अभियोगमा पक्राउ गरिएको प्रहरीले जनाएको छ।

राजधानी इस्लामाबादमा उनीविरुद्ध दायर गरिएको अभियोगमा राज्यको निर्वाचन प्रक्रियामा बाधा पुऱ्याउने प्रयास गरेकाले देशद्रोहको कानूनअन्तर्गत पक्राउ गरिएको उल्लेख छ। गत एप्रिलमा खानको पार्टीले संसदमा विश्वासको मत गुमाएपछि उनी सत्ताबाट बाहिरिएका थिए।

# पाँच निर्माण कम्पनीलाई कारबाही

वीरगञ्ज, ११ माघ (रासस)।

स्वास्थ्य संस्थाको भवन निर्माण गर्ने सम्झौता गरे पनि लामो समयसम्म अलपत्र पार्ने पाँचवटा निर्माण कम्पनीमाथि सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय पर्साले कारबाही गरेको छ।

रौतहट, बारा र पर्सा जिल्लामा सञ्चालित विभिन्न आठवटा स्वास्थ्य संस्था निर्माणको सम्झौता गरेर पनि लामो समयसम्म काम सम्पन्न नगर्ने निर्माण कम्पनीमाथि कारबाही गरिएको सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय पर्साका प्रमुख झपटबहादुर थापाले जानकारी दिनुभयो।

योजनाको म्याद समाप्त भएर पटक-पटक म्याद थप गरे पनि लामो समयसम्म कार्य सम्पन्न नगर्ने निर्माण कम्पनीलाई कालोसूचीमा राखेर ठेक्का तोडेर पुनः ठेक्कामार्फत काम अघि बढाइएको प्रमुख थापाले बताउनुभयो।

प्रमुख थापाका अनुसार अजम्बर/शिवराम कन्स्ट्रक्सन जेभी दोलखा, स्वस्तिक श्री विनायक कन्स्ट्रक्सन हेटौँडा, डाँफे/तिरुपति जेभी पर्सा, टौदह कन्स्ट्रक्सन चाल्नाखेल-५ काठमाडौँ, म्याग्लुङ/टौदह/पञ्चकन्या जेभी काठामाडौर२ सँ र शिवराम कन्स्ट्रक्सन कम्पनी प्रालि दोलखामाथि कारबाही गरी ठेक्का तोडिएको छ।

पटक पटक स्पष्टीकरण सोधिए पनि सन्तोषजनक जवाफ नआएको र निर्माण गर्नेतर्फ चासो नदेखाएकाले उनीहरुसँगको ठेक्का तोडिएको प्रमुख थापाको भनाइ छ।

अजम्बर/शिवराम कन्स्ट्रक्सन जेभी दोलखाले स्वास्थ्य चौकी पटेर्वा सुगौली पर्सा, स्वास्थ्य चौकी भवन शङ्कर सरैया पर्सा, स्वास्थ्य चौकी जिगडवा बेलबिछ्वा रौतहट निर्माणको सम्झौता गरेको थियो।

यस्तै स्वस्तिक श्री विनायक कन्स्ट्रक्सन हेटौँडाले भेडहरी उपस्वास्थ्य चौकीको स्तरोन्नति तथा स्वास्थ्य चौकी भवन निर्माणको ठेक्का लिएको थियो भने डाँफे/तिरुपती जेभी पर्साले पिपरपाती पछरौटा उपस्वास्थ्य चौकी हेल्थ पोष्ट भवन निर्माण गर्ने सम्झौता गरेको थियो।

त्यस्तै टौदह कन्स्ट्रक्सन चाल्नाखेल-५ काठमाडौँले चार परिवारको स्टाफ क्वार्टर भवन निर्माण कलैया बाराको निर्माण सम्झौता गरेको थियो।

म्याग्लुङ/टौदह/पञ्चकन्या जेभी काठमाडौँले स्वास्थ्य चौकी भवन निर्माण औराहा पर्सा र शिवराम कन्स्ट्रक्सन कम्पनी प्रालि दोलखाले स्वास्थ्य चौकी भवन निर्माण सम्झौता पर्साको निर्माण सम्झौता गरेको सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय पर्साले जनाएको छ।

कम प्रतिस्पर्धामा ठेक्का लिएर लामो समयसम्म काम सुरु नगर्ने र गुणस्तहीन काम गर्ने प्रवृत्ति बढेकाले त्यस्ता निर्माण कम्पनीहरूमाथि निगरानीसमेत बढाएको प्रमुख थापाको कथन छ।

# दुर्घटना जाँच आयोगद्वारा जहाजको उपकरण र कागजात सङ्कलन

काठमाडौँ, ११ माघ (रासस)।

यही माघ १ गते कास्कीको पोखरामा दुर्घटना भएको यती एयरलाइन्सको नाइन एन-एएनसी एटीआर-७२-५०० जहाजबारे जाँचबुझ गर्न गठित दुर्घटना जाँच आयोगले दुर्घटनस्थलबाट आवश्यक पार्टपुर्जा र वायुयानका रेकर्डसहित कागजात सङ्कलन गरेको छ।

आयोगले विज्ञप्ति जारी गर्दै दुर्घटनास्थलको पुनःविस्तृत निरीक्षण गरी आवश्यक पार्टपुर्जा, वायुयानका रेकर्ड, केही प्रत्यक्षदर्शीसँगको कुराकानी र वायुसेवा सञ्चालकबाट आवश्यक कागजात सङ्कलनको गरिसकेको जनाएको छ।

"नियामक निकायलगायतबाट थप कागजात सङ्कलनको काम भइरहेको छ", विज्ञप्तिमा उल्लेख छ। आयोगका अनुसार दुर्घटना जाँचको सन्दर्भमा महत्वपूर्ण सूचना प्राप्त हुने रेकर्डर नेपालमा परीक्षण गर्न नसकिने भएकाले उच्च गुणस्तरको दक्षजनशक्तिसहितको अन्तर्राष्ट्रिय ल्याबमा परीक्षण एवं विश्लेषण गर्न लैजाने तयारी भइरहेको छ।

"अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम आयोगद्वारा अनुसन्धान जारी रहेको र सबै प्रक्रिया पूरा गरी उडान सुरक्षामा थप सहयोग पुग्ने सुझावसहितको प्रतिवेदन सरकारलाई पेस गरिने छ", विज्ञप्तिमा भनिएको छ। उक्त जहाज दुर्घटनामा चालक दलका सदस्यसहित ७१ जनाको निधन भएको थियो भने एक जनाको अवस्था अझै अज्ञात छ। दुर्घटनालगत्तै सरकारले पूर्वसचिव नागेन्द्र घिमिरेको संयोजकत्वमा दुर्घटना जाँच आयोग गठन गरेको थियो।

# क्रसर उद्योगहरु खोल्ने सरकारको निर्णय

**दैनिक समाचारदाता**
**राजविराज, ११ माघ।**

सरकारले क्रसर उद्योगहरु खुल्न दिने निर्णय गरेको छ। गृह मन्त्रालयले २० पुसमा सबै जिल्ला प्रशासन कार्यालयहरुलाई पत्राचार गर्दै दर्ता विना र मापदण्ड विपरीत चलेका क्रसरहरु बन्द गर्न निर्देशन दिएको थियो।

मापदण्ड पुरा गर्नका लागि आगामी असार मसान्तसम्मको समय सीमा दिने गरी दर्ता भएका उद्योगहरु चल्न दिने निर्णय भएको हो। गृहमन्त्री रबि लामिछानेको प्रेस संयोजक नवराज पाण्डेका अनुसार असारसम्म पनि मापदण्ड पुरा नभएका उद्योग पुनः बन्द गरिनेछ।

विना अनुमतिपत्र चलिरहेको सबै क्रसर उद्योग बन्द रहने उनले बताए। आयोजना विशेषका लागि खुलेका तर, आयोजना सम्पन्न भएपछि पनि चलिरहेका क्रसर उद्योगहरु पनि अब बन्द हुनेछन्।

क्रसर उद्योग बन्द भएपछि आयोजनाहरुमा काम प्रभावित भएको थियो। निर्माण व्यवसायीले काम छाडेपछि सरकारमाथि क्रसर खोल्न दबाब परेको थियो।

यसअघि पनि सरकारले भ्याप्पै क्रसर बन्द गर्ने र अपराधशी रुपमा खोल्ने गर्दै आएको अनलाइन खबर डटकमले जनाएको छ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाइराइड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

## सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*